नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

**प्रस्ताव आव्हानको सूचना**
**प्रथम पटक प्रकाशित मिति २०८०/०९/१९**

आर्थिक बर्ष २०८०/०८१ को लागि प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भई आएको सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० तथा सोहि कार्यविधिको अधिनमा रही नीलकण्ठ नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भई आएका पशु सेवा तर्फको सशर्त अनुदान कार्यक्रम संचालन निर्देशिका,२०८०" बमोजिम उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क्र.स | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु. | प्रस्ताव पेश गर्ने सम्भावित साझेदारहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाख्रा प्रवर्दन कार्यक्रम नीलकण्ठ न.पा.-८ | १ | ५,००,०००/- | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी | आवेदकसँग कम्तिमा १० वटा माउ बाख्रा हुनुपर्नेछ । समूह सहकारीको हकमा कम्तिमा ३ जना बाख्रापालक सदस्य भई प्रतिपालक सदस्यले ५ वटा माउ बाख्रा एकै समुहमा राखी पालेको हुनुपर्नेछ ।आवेदक नी.न.पा. वडा नं ८ को हुनुपर्नेछ । |
| २ | भैसी प्रवर्दन कार्यक्रम नीलकण्ठ न.पा.-१२ | १ | ५,००,०००/ | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी | आवेदकसँग कम्तिमा २ वटा माउ भैसी हुनुपर्नेछ । समूह /सहकारीको हकमा आफ्नै स्वमित्वमा वा सामुहिक रुपमा एकै स्थानमा भैसीपालक सदस्य भई कम्तिमा ५ वटा माउ भैसी पालन गरिरहेको हुनुपर्नेछ । आवेदक नी.न.पा. वडा नं १२ को हुनुपर्नेछ । |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | भैसी प्रवर्दन कार्यक्रम नीलकण्ठ न.पा.-८ | १ | ५,००,०००/ | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी | आवेदकसँग कम्तिमा २ वटा माउ भैसी हुनुपर्नेछ । समूह /सहकारीको हकमा आफ्नै स्वमित्वमा वा सामुहिक रुपमा एकै स्थानमा भैसीपालक सदस्य भई कम्तिमा ५ वटा माउ भैसी पालन गरिरहेको हुनुपर्नेछ । आवेदक नी.न.पा. वडा नं ८ को हुनुपर्नेछ । |
| ४ | अण्डा उत्पादन तथा प्रसोधन केन्द्र स्थापना नीलकण्ठ न.पा.-७ | १ | ३०,००,०००/ | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी | आवेदक नी.न.पा. वडा नं ७ को हुनुपर्नेछ। आवेदक सँग कम्तीमा ३ रोपनी जमिन भएको हुनुपर्नेछ। |

**प्रस्ताव साथ सम्मिलित हुनुपर्ने कागजातहरुः**

१. अनुसूची २ अनुसारको आवेदन पत्र
२. अनुसूची- ३ बमोजिमको संक्षिप्त कार्ययोजना /अनुसूची -५ बमोजिमको प्रतिवद्धता पत्र/अनुसूची-७ बमोजिमको स्व-घोषणा पत्र,
३. सम्बन्धित व्यक्तिको नेपालि नागरिकताको प्रमाणित प्रतिलिपि,
४. फर्म/संस्था दर्ता नवीकरण, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाणित प्रतिलिपि
५. कृषक समुह/कृषि सहकारीको हकमा कार्यक्रम पेश गर्ने तथा अख्तियारी दिने सम्बन्धि बैठकको निर्णयको प्रतिलिपि,
६. सम्बन्धित वडाको सिफारिस-पत्र,
७. जग्गाको स्वामित्व देखिने प्रमाण पत्र वा भाडामा भए कम्तिमा ५ बर्षको करार सम्झौता पत्र,
८. अन्य आवश्यक कागजातहरु (तालिम, शैक्षिक योग्यता आदि )।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत